नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ०८०/८१ मिति : २०८०/०४/०८

चलानी नं. : ३२

श्री प्रभु इन्स्योरेन्स लिमिटेड (PRIN)

तिनकुने, काठमाडौं ।

विषय : सचेत गराउदै धितोपत्रको कारोबार फुकुवा गरिएको सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा यस लिमिटेडमा सूचीकृत त्यस कम्पनीले आफ्नो चुक्ता पूँजी वृद्धि गर्न मिति २०८०/०३/२७ गते संचालक समितिको बैठक बसी शेयरधनी लाई १:०.६५ को अनुपातमा हकप्रद शेयर दिने निर्णय गरेको र यस स्टक एक्सचेञ्ज लिमिटेडमा सो को जानकारी समयमै नदिएको सम्बन्धमा सो कम्पनीलाई नेप्सेले चित्त वुझ्दो कारण सहितको स्पष्टिकरण ३ दिन भित्र पेस गर्न निर्देशन दिएको थियो । सोही बमोजिम त्यस कम्पनीले सञ्चालक समितिको बैठकबाट सर्वप्रथम नेपाल बीमा प्राधिकरण समक्ष सैद्धान्तिक स्वीकृती लिनको लागि निवेदन पेश गर्ने निर्णय भए अनुसार सैद्धान्तिक स्वीकृतीका लागि मात्र निवेदन पेश भएको र हकप्रद शेयर निष्काशन सम्बन्धि अन्तिम अधिकार नेपाल बीमा प्राधिकरणमा निहित रहेकोले हकप्रद शेयर निष्काशनको सैद्धान्तिक स्वीकृती प्राप्त हुने/नहुने अझै पनि अन्योलनै रहेको भन्ने व्यहोरा सहितको पत्र नेप्सेमा पेश गरी कम्पनीले धितोपत्र सूचीकरण विनियमावली, २०७५ र धितोपत्र सुचीकरण सम्बन्धी सम्झौताका शर्तहरुको अक्षरश: पालना गर्ने प्रतिबद्धता गर्दै धितोपत्रको कारोबार फकुवा गरिदिन अनुरोध गरेकोले आगामी दिनमा यस्ता गल्ती नगर्न सचेत गराउदै मिति २०८०/०४/०८ को निर्णयानुसार उक्त कम्पनीको धितोपत्रको कारोबार फुकुवा गरिएको व्यहोरा अनुरोध छ ।

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री नेपाल बीमा प्राधिकरण, कुपन्डोल, ललितपुर ।

श्री सिडियस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।

श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।

श्री प्रणाली सञ्चालन शाखा, नेप्से । प्रभु इन्स्योरेन्स लिमिटेड (PRIN) को धितोपत्रको कारोबार फुकुवा गर्नुहुन ।

भवदीय,

कुलचन्द्र रिजाल
वरिष्ठ अधिकृत
सूचीकरण शाखा

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538/Toll Free No. : 16600125025